# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, वैशाख १८ गते २०४८ साल (अतिरिक्ताङ्क ४

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४८ सालको ऐन नं. १

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

95

# सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२६ बमोजिम मन्त्रिपरिषद्‌को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सरकारी मुद्दा सम्बन्धी (पाँचौं संशोधन) ऐन, २०४८" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन २०४८ साल जेठ मसान्तसम्म लागू रहनेछ ।

२. सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ मा दफा ६ख. थप : सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को दफा ६क. पछि देहायको दफा ६ख. थपिएकोछः–

"६ख. आंशिक रूपमा मुद्दा फिर्ता लिन सकिने : (१) २०१७ साल पौष १ गतेदेखि २०४६ साल चैत्र २६ गतेसम्मको अवधि भित्र श्री ५ को सरकार वादी भएको कुनै फौज्दारी मुद्दामा अभियोग लागेका व्यक्तिहरु मध्ये कुनै व्यक्तिलाई राजनैतिक कारणबाट सो मुद्दामा फसाएको हो भन्ने लागि श्री ५ को सरकारले त्यस्तो व्यक्तिको हकमा मुद्दा फिर्ता लिने गरी निर्णय गरेमा अदालतको मञ्जुरीले त्यस्तो व्यक्तिको हकमा मात्र मुद्दा फिर्ता लिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्तिको हकमा मुद्दा फिर्ता लिएमा त्यस्तो व्यक्तिले आफूलाई लागेको अभियोगबाट फुर्सद पाउनेछ ।"

लालमोहर सदर मितिः– २०४८।१।१८।४

आज्ञाले,

डा. गजेन्द्रमणि प्रधान

श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४८ सालको ऐन नं. २

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

# त्रिभुवन विश्वविद्यालय ऐन, २०२८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः त्रिभुवन विश्वविद्यालय ऐन, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२९ बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "त्रिभुवन विश्वविद्यालय (छैठौं संशोधन) ऐन, २०४८" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

29

२. त्रिभुवन विश्वविद्यालय ऐन, २०२८ को दफा २ मा संशोधनः त्रिभुवन विश्वविद्यालय ऐन, २०२८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ख ३) झिकिएकोछ ।

३. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएकोछः–

"४. विश्वविद्यालय सभाको गठनः (१) विश्वविद्यालयमा देहायका सदस्यहरू भएको एउटा सभा हुनेछः–

(क) कुलपति– अध्यक्ष
(ख) सह-कुलपति– उपाध्यक्ष
(ग) सहायकमन्त्री, शिक्षा तथा संस्कृति मन्त्रालय– सदस्य
(घ) प्रतिनिधि सभाका सदस्यहरू तीन जना– सदस्य
(ङ) सदस्य (शिक्षा सम्बन्धी हेर्ने), राष्ट्रिय योजना आयोग– सदस्य
(च) उप-कुलपति– सदस्य
(छ) उप-कुलपति, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान– सदस्य
(ज) उप-कुलपति, महेन्द्र संस्कृत विश्वविद्यालय– सदस्य
(झ) उप-कुलपति, नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान– सदस्य
(ञ) सचिव, शिक्षा तथा संस्कृति मन्त्रालय– सदस्य
(ट) सचिव, अर्थ मन्त्रालय– सदस्य
(ठ) शिक्षाध्यक्ष– सदस्य
(ड) रजिष्ट्रार– सदस्य
(ढ) भूतपूर्व उप-कुलपतिहरू मध्यबाट एक जना– सदस्य
(ण) अध्ययन संस्थानका डीनहरू– सदस्य
(त) संकायका डीनहरू– सदस्य
(थ) अनुसन्धान केन्द्रका कार्यकारी निर्देशकहरू– सदस्य
(द) निर्देशक, पाठ्यक्रम विकास केन्द्र, विश्वविद्यालय– सदस्य
(ध) विभागीय प्रमुखहरू मध्येबाट पन्ध्र जना– सदस्य
(न) शिक्षकहरू मध्येबाट पाँच जना– सदस्य
(प) विषय समितिका अध्यक्षहरू मध्येबाट दश जना–सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

22

(फ) सम्बन्धन प्राप्त क्याम्पसका प्रमुखहरू मध्येबाट पाँच जना– सदस्य
(ब) नेपाल प्राध्यापक संघका प्रतिनिधि दुई जना– सदस्य
(भ) लब्ध प्रतिष्ठित विद्वानहरू मध्येबाट दुई जना– सदस्य
(म) चन्दादाताहरू मध्येबाट दुई जना– सदस्य
(य) पत्रकारहरू मध्यबाट दुई जना– सदस्य
(र) उद्योगपति तथा व्यापारीहरू मध्येबाट दुई जना–सदस्य
(ल) प्रतिनिधि, नेपाल राष्ट्र बैंक– सदस्य
(व) अन्य बैंकिंग क्षेत्रबाट एक जना– सदस्य
(श) विश्वविद्यालय कर्मचारी संघका प्रतिनिधि दुई जना–सदस्य
(ष) विश्वविद्यालय स्वतन्त्र विद्यार्थी यूनियनका प्रतिनिधि पाँच जना– सदस्य

(२) पदेन सदस्यहरू बाहेक सभाका अन्य सबै सदस्यहरूको मनोनयन कुलपतिबाट हुनेछ ।

(३) विद्यार्थी प्रतिनिधिहरूको पदावधि एक वर्षको हुनेछ र अन्य मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।"

४. मूल ऐनको दफा ४क. मा संशोधनः मूल ऐनको दफा ४ क. को सट्टा देहायको दफा ४ क. राखिएकोछः–

"४क. सभाको काम, कर्तव्य र अधिकारः सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विश्वविद्यालयको नीति निर्धारण गर्ने ।
(ख) विश्वविद्यालयको दीर्घकालीन योजना स्वीकृत गर्ने ।
(ग) विश्वविद्यालयको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।
(घ) विश्वविद्यालयको कार्यक्रमहरूको मूल्याङ्कन गर्ने ।
(ङ) विश्वविद्यालय अन्तर्गतका विभिन्न निकायहरूको कार्यको मूल्याङ्कन, रेखदेख तथा मार्गदर्शन गर्ने ।
(च) विश्वविद्यालयको लेखा परीक्षण तथा विविध प्रतिवेदनहरू माथि छलफल गरी अनुमोदन गर्ने ।
(छ) विश्वविद्यालय सम्बन्धी नियमहरू पारित गर्ने ।
(ज) तोकिए बमोजिम अन्य कामहरू गर्ने ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

22

५. मूल ऐनको दफा ४ख.मा संशोधनः मूल ऐनको दफा ४ ख. को सट्टा देहायको दफा ४ ख. राखिएकोछः–

"४ख. कार्यकारी परिषद्को गठनः (१) विश्वविद्यालयको कार्यकारी निकायको रूपमा काम गर्न देहायका सदस्यहरू भएको एउटा कार्यकारी परिषद् हुनेछः–

(क) उप-कुलपति– अध्यक्ष
(ख) शिक्षाध्यक्ष– सदस्य
(ग) रजिष्ट्रार– सदस्य
(घ) अध्ययन संस्थानका डीनहरू मध्येबाट एक जना–सदस्य
(ङ) संकायका डीनहरू मध्येबाट एक जना– सदस्य
(च) शिक्षकहरू मध्येबाट एक जना– सदस्य

(२) उप-दफा (१) को खण्ड (घ)र(ङ) बमोजिमका सदस्यहरूको मनोनयन सभाले तीन वर्षको लागि गर्नेछ ।

(३) उप-दफा (१) को खण्ड (च) बमोजिमको सदस्यको मनोनयन सभाले उप-कुलपतिको सिफारिशमा तीन वर्षको लागि गर्नेछ ।

(४) रजिष्ट्रारले कार्यकारी परिषद्को सचिव भै काम गर्नेछ ।"

६. मूल ऐनको दफा ४ग. मा संशोधनः मूल ऐनको दफा ४ग. को सट्टा देहायको दफा ४ग. राखिएकोछः–

"४ग. कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकारः कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) सभाका निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।
(ख) विश्वविद्यालयको वार्षिक कार्यक्रम, बजेट, लेखापरीक्षण प्रतिवेदन, विविध प्रतिवेदनहरू र अन्य प्रस्तावहरू तयार गरी स्वीकृति वा अनुमोदनको लागि सभामा पेश गर्ने ।
(ग) विश्वविद्यालयको चल अचल सम्पत्तिको संरक्षण तथा रेखदेख गर्ने ।
(घ) विश्वविद्यालयको लागि प्रदान गरिएका दान दातव्य ग्रहण गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
28

(ङ) विश्वविद्यालय अन्तर्गत संचालित सबै कार्यक्रमहरूको रेखदेख गर्ने ।

(च) नियमको मस्यौदा बनाई स्वीकृतिको लागि सभामा पेश गर्ने ।

(छ) डीनहरू तथा निर्देशकहरूको नियुक्ति गर्ने ।

(ज) क्याम्पस प्रमुखहरूको नियुक्ति गर्ने ।

(झ) निजी क्षेत्रमा संचालन गरिने क्याम्पसहरूलाई सम्बन्धन दिने र सम्बन्धन दिएका क्याम्पसहरूलाई मूल्याङ्कनको आधारमा अनुदान दिने ।

(ञ) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूको दरबन्दी तोक्ने तथा नियुक्ति गर्ने ।

(ट) तोकिए बमोजिम अन्य कामहरू गर्ने ।"

७. मूल ऐनको दफा ४घ. मा संशोधनः मूल ऐनको दफा ४ घ. को सट्टा देहायको दफा ४घ. राखिएकोछः–

"४घ. प्राज्ञिक परिषद्‌को गठनः (१) विश्वविद्यालयको प्राज्ञिक निकायको रूपमा काम गर्ने देहायका सदस्यहरू भएको एउटा प्राज्ञिक परिषद् हुनेछः–

| | |
|---|---|
| (क) उप-कुलपति– | अध्यक्ष |
| (ख) शिक्षाध्यक्ष– | सदस्य |
| (ग) रजिष्ट्रार– | सदस्य |
| (घ) अध्ययन संस्थानका डीनहरू– | सदस्य |
| (ङ) संकायका डीनहरू– | सदस्य |
| (च) विषय समितिका अध्यक्षहरू मध्येबाट पाँच जना– | सदस्य |
| (छ) विभागीय प्रमुखहरू मध्येबाट दश जना– | सदस्य |
| (ज) अनुसन्धान केन्द्रका कार्यकारी निर्देशकहरू– | सदस्य |
| (झ) निर्देशक, पाठ्यक्रम विकास केन्द्र, विश्वविद्यालय– | सदस्य |
| (ञ) शिक्षकहरू मध्येबाट पाँच जना– | सदस्य |
| (ट) विश्वविद्यालय बाहिर रहेका विद्वानहरू मध्येबाट दुई जना– | सदस्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) को खण्ड (च) र (ञ) बमोजिमका सदस्यहरूको मनोनयन अध्ययन संस्थान तथा संकाय डीनहरूको सिफारिशमा सभाले तीन वर्षको लागि गर्नेछ ।

(३) उप-दफा (१) को खण्ड (छ) र (ट) बमोजिमका सदस्यहरूको मनोनयन केन्द्रीय शिक्षण विभागका प्रमुखहरूको सिफारिशमा सभाले तीन वर्षको लागि गर्नेछ ।

(४) संकाय डीनहरू मध्येबाट एकजनालाई उप-कुलपतिले प्राज्ञिक परिषद्-को सचिव भै काम गर्न तोक्नेछ ।"

८. मूल ऐनको दफा ४ङ. मा संशोधनः मूल ऐनको दफा ४ङ. को सट्टा देहायको दफा ४ङ. राखिएकोछ :–

"४ङ. प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकारः प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) अध्ययन संस्थान, संकाय तथा केन्द्रीय शिक्षण विभागको सिफारिशमा विश्वविद्यालयमा अध्ययन अध्यापन गरिने विषयहरूको तह तथा विद्यार्थी भर्नाको लागि योग्यता निर्धारण गर्ने ।

(ख) परीक्षाको किसिम तोक्ने ।

(ग) विश्वविद्यालयले प्रदान गर्ने उपाधिको व्यवस्था गर्ने ।

(घ) सम्मानार्थ उपाधि प्रदान गर्न सभामा सिफारिश गर्ने ।

(ङ) विभिन्न निकायहरूले पेश गरेका शैक्षिक कार्यक्रमहरू स्वीकृत गर्ने ।

(च) अध्ययन संस्थान, संकाय, क्याम्पस, केन्द्रीय शिक्षण विभाग तथा अनुसन्धान केन्द्रहरूमा संचालित शैक्षिक कार्य-क्रममा समन्वय ल्याउने र मूल्याङ्कन गर्ने ।

(छ) विश्वविद्यालय अन्तर्गत अध्ययन र प्रशिक्षण हुने विषय-हरूको पाठ्यक्रम निर्धारण गर्ने ।

(ज) अनुसन्धान सम्बन्धी नीति निर्धारण गरी अनुसन्धानको शैक्षिक स्तर निर्धारण गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६

(झ) प्राज्ञिक विषयमा कार्यकारी परिषद्‌लाई राय सल्लाह दिने।
(ञ) तोकिए बमोजिम अन्य कामहरू गर्ने ।"

९. मूल ऐनको दफा १५क. मा संशोधनः मूल ऐनको दफा १५क. को सट्टा देहायको दफा १५क. राखिएकोछः–

"१५क. सेवा आयोगः (१) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवाको लागि सिफारिश गर्ने देहायका सदस्यहरू भएको एउटा सेवा आयोगहुनेछः–

(क) कुलपतिबाट नियुक्त व्यक्ति– अध्यक्ष
(ख) सदस्य, लोक सेवा आयोग– सदस्य
(ग) प्राध्यापकहरू मध्येबाट सह-कुलपतिले मनोनित गरेको एक जना– सदस्य

(२) उप-दफा (१)को खण्ड (क) बमोजिम कुलपतिबाट अध्यक्ष नियुक्त गर्दा सह-कुलपतिको सिफारिशमा गरिनेछ ।

(३) उप-दफा (१)को खण्ड(ग)बमोजिम सह–कुलपतिले सदस्य मनोनित गर्दा उप–कुलपतिको सिफारिशमा गर्नेछ ।

(४) रजिष्ट्रारले सेवा आयोगको सचिव भै काम गर्नेछ।"

१०. मूल ऐनको दफा १५ख. मा संशोधनः मूल ऐनको दफा १५ख. को सट्टा देहायको दफा १५ख. राखिएकोछः–

"१५ख. सेवा आयोगको काम, कर्तव्य र अधिकारः सेवा आयोगको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।"

लालमोहर सदर मितिः– २०४८।११।१८।४

आज्ञाले,
डा. गजेन्द्रमणि प्रधान
श्री ५ को सरकारको का. मु. सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।